# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

छैटौँ अधिवेशन

चौबिसौँ बैठक

**दैनिक कार्यसूची**

**मिति २०८१ साल भदौ २६ गते, बुधबार, दिनको २:०० बजे**

### प्रदेश प्रमुखको कार्यालयको पत्र

१. माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन र विधेयक प्रमाणीकरण सम्बन्धी पत्र पढेर सुनाउनुहुने ।

### शुन्य समय

२. शुन्य समयमा बोल्न चाहने माननीय सदस्यहरुलाई समय उपलब्ध गराउने ।

### दलका नेताहरुबाट सम्बोधन

३. गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने दलका नेताहरुले सभालाई सम्बोधन गर्नुहुने ।

### गण्डकी प्रदेश, प्रदेश सभा नियमावली मस्यौदा समिति गठन

४. माननीय सदस्य श्री गोविन्द बहादुर नेपालीले "गण्डकी प्रदेश सभा नियमावली, २०८० संशोधन मस्यौदा समिति" गठन गरियोस् भनि माननीय सदस्यहरुको नामावली सहित प्रस्ताव गर्नुहुने ।
उक्त प्रस्तावको माननीय सदस्य श्री डिल्लीराम सुबेदी र माननीय सदस्य श्री सुशिला सिंखडाले समर्थन गर्नुहुने ।

### व्यवस्थापन कार्य

५. माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री श्री पदमा जि.सी. श्रेष्ठले "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा प्राप्त संशोधन प्रस्तावहरु सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुहुने ।

६. माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री श्री प्रकाश बहादुर के.सी. "गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा प्राप्त संशोधन प्रस्तावहरु सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुहुने ।

७. माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले "गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" सभा समक्ष प्रस्तुत गर्नुहुने ।

८. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले "केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" सभा समक्ष प्रस्तुत गर्नुहुने ।

### <u>वार्षिक प्रतिवेदन पेश</u>

९. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले महालेखा परिक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ सभा समक्ष प्रस्तुत गर्नुहुने ।

...................

हरिराज पोखरेल

प्रदेश सभा सचिव